# नेपाल युवक संगठनको विधान

श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मंत्रालय
प्रचार तथा प्रसार बिभाग

321.6
HMG
२०१८

# नेपाल युवक संगठनको विधान

१ **नामः–**

संगठनको नाम "नेपाल युवक संगठन" रहनेछ ।

२. **केंद्रीय कार्यालयः–**

संगठनको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ ।

३. **उद्देश्यहरूः–**

संगठनको उद्देश्य निम्नलिखित हुनेछः–

(क) युवकहरूको शारीरिक, मानसिक तथा बौद्धिक विकासका लागि कार्य गर्ने ।

(ख) युवकवर्गलाई देश, नरेशप्रतिको आफ्नो उत्तरदायित्व र कर्तव्यप्रति जागरूक राखी उनीहरूको शक्तिलाई राष्ट्रनिर्माणमा लगाउने ।

४. **सदस्यता**

(क) संगठनको विधान र नियम स्वीकार गर्ने १६ वर्ष पूरा भएका तथा ४० वर्ष मुनिका युवक तथा युवती "नेपाल युवक संगठन" को सदस्य बन्न-सक्नेछ ।

(ख) प्रत्येक वर्ष सदस्यले ।२५ (पच्चीस) पैसा सदस्यता शुल्क बुझाउनु पर्नेछ ।

(ग) प्रारंभिक तह बाहेक अरू सबै तहको कार्य समितिमा निर्वाचित सदस्य-हरूको अतिरिक्त साधारण सदस्य-हरूमध्येबाट २ जना श्री ५ को सरकारद्वारा र २ जना सभापतिद्वारा मनोनीत गरिएका सदस्यहरू रहनेछन् ।

तर, कुनै क्षेत्र, जिल्ला वा अञ्चलको एकभन्दा बढी सदस्य मनोनीत हुनसक्ने छैन । सचिव र कोषाध्यक्ष श्री ५ को सरकारद्वारा मनोनीत सदस्यहरू नै हुनेछन् ।

**५. संगठन:–**

(क) प्रारम्भिक संगठन:–

(१) संगठनको प्रारम्भिक तह साधारणतया ग्राम पञ्चायत तथा नगरपालिका क्षेत्र हुनेछन् । तर ग्राम पञ्चायतहरूको गठन नभएसम्म घटीमा सय सदस्यहरू भएको ग्राम वा ग्रामहरूको समूहलाई प्रारम्भिक तह मानिने छ । यस तहका सबै सदस्यहरू स्वत: प्रारम्भिक परिषद्का सदस्य मानिनेछन् ।

(२) प्रारम्भिक परिषद्ले सभापतिको बैग्लै र अरू सदस्यहरूको

समूह रूपमा गरी जम्मा ७ सदस्यहरू भएको एक कार्य समिति चुन्ने छ ।

(ख) जिल्ला संगठन:–

(१) जिल्ला भित्रका सबै प्रारम्भिक कार्य समितिका सदस्यहरू जिल्ला अधिवेशनका प्रतिनिधि हुनेछन् र यिनले जिल्ला संगठनको सभापति चुन्नेछन् ।

(२) जिल्ला भित्रमा प्रत्येक प्रारम्भिक कार्य समितिबाट एक।एक प्रतिनिधि लिई जिल्ला संगठनको परिषद् बन्ने छ र यसले जिल्ला कार्य समितिको लागि ४ सदस्यहरू चुन्नेछ ।

(ग) अञ्चल संगठन:–

(१) अञ्चल भित्रका सबं जिल्ला परिषद्का सदस्यहरू अञ्चल अधिवेशनका प्रतिनिधि हुनेछन् र

यिनले अञ्चल संगठनको सभापति चुन्नेछन् ।

(२) अञ्चल भित्रका सबै जिल्ला कार्य समितिका सदस्यहरू मिलेर अञ्चल संगठनको परिषद् बन्ने छ र यसले अञ्चल कार्य समितिको लागि अञ्चल अन्तर्गत जिल्ला संख्याको अनुपातमा प्रत्येक जिल्लाको लागि एक प्रतिनिधि पर्ने गरी सदस्यहरू चुन्नेछ ।

(घ) केन्द्रीय संगठनः–

(१) सबै अञ्चल परिषद्का सदस्यहरू केन्द्रीय अधिवेशनका प्रतिनिधि हुनेछन् र यिनले केन्द्रीय सभापति चुन्ने छन् ।

(२) सबै अञ्चल कार्य समितिका सदस्यहरू मिलेर संगठनको केन्द्रीय परिषद् बन्ने छ यसले

केन्द्रीय कार्य समितिको लागि १४ सदस्यहरूको चुनाव गर्नेछ। कार्य समितिमा प्रत्येक अञ्चलका एक सदस्य रहनु पर्नेछ र बढीमा दुई सदस्यसम्म रहन सक्नेछन्।

(३) संगठनको कुनै तहको पदाधिकारी माथिल्लो तहको पदाधिकारीमा निर्वाचित वा मनोनीत भएमा तल्लो तहको पदबाट स्वतः हटेको मानिनेछ।

(४) श्री ५ को सरकारद्वारा मनोनीत भएका सदस्यले माथिल्लो स्तरको पदका लागि चुनावमा उम्मेदवार हुन सरकारको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ।

**६. कार्यावधि:–**

(क) संगठनको सबै तहको कार्यावधि साधारणतया ३ वर्षको हुनेछ।

(ख) संगठनको अघिल्लो परिषद् र कार्य समितिको कार्यावधि समाप्त भै अर्को परिषद्का समितिको गठन नहुञ्जेल कार्यावधि समाप्त भए पनि अघिल्लो परिषद् र समितिबाट नै कार्य संचालन भईरहनेछ । तर यसको समय तीन महीना भन्दा बढी हुने छैन ।

**७. केन्द्रीय परिषद्:–**

(क) "केन्द्रीय परिषद्" ले निम्न लिखित कार्यहरू गर्नेछ:–

(१) संगठनको उद्देश्य प्राप्तिका लागि कार्यक्रम तथा तत्सम्बन्धी नीति निर्धारण गर्ने ।

(२) केन्द्रीय कार्य समितिद्वारा भएका कार्यमा विचार गर्ने तथा कार्य समितिलाई निर्देशन दिने ।

(३) संगठनको बजेट स्वीकार गर्ने, आय व्ययको हिसाब अडिटर-द्वारा जँचाई फारक दिने ।

(४) केन्द्रीय कार्य समिति वा त्यसका सदस्य वा केन्द्रीय परिषद्का कुनै सदस्यमाथि अनुशासनको कार्यवाही गर्ने ।

(५) संगठनको विधानमा संशोधन गर्न आवश्यक देखिएमा श्री ५ को सरकारमा सुझाव पेश गर्ने ।

(ख) परिषद्को बैठक घटीमा वर्षको एक पटक हुनेछ ।

**८. केन्द्रीय कार्य समितिः–**

(क) केन्द्रीय कार्य समितिले निम्नलिखित कार्यहरू गर्नेछः–

(१) केन्द्रीय परिषद्द्वारा निर्धारित नीति र कार्यक्रमको कार्यान्विति-को लागि कार्य गर्ने ।

(२) केन्द्रीय संगठनको दैनिक कार्य संचालनको लागि कार्य गर्ने ।

(३) तल्लो तहको संगठनलाई आव-श्यकतानुसार नीति र निर्देशन

दिने तथा अनुशासनको कार्य-
वाही गर्ने ।

(४) केन्द्रीय संगठनको बजेट तथा कार्यक्रम तयार गरी केन्द्रीय परिषद्‌मा पेश गर्ने ।

(५) केन्द्रीय संगठनको आय व्ययको हिसाब राख्ने र चल अचल संप-त्तिको संरक्षण गर्ने ।

(६) सभापतिद्वारा भएका कार्यहरू-को अनुमोदन गर्न विचार गर्ने ।

(ख) केन्द्रीय कार्य समितिको बैठक घटीमा वर्षको ३ पटक हुनेछ ।

९. **सभापतिः–**

(क) सभापतिले निम्न लिखित कार्य गर्नेछः–

(१) संगठनको सञ्चालनको प्रमुख उत्तरदायित्व वहन गर्ने ।

(२) संगठनको दैनिक कार्य सञ्चालन गर्ने ।

(३) संगठनको तर्फबाट सरकार वा

अन्य संस्थाहरूसंग सम्पर्क राख्ने ।

(४) कुनै महत्वपूर्ण कमिशन, बोर्ड, सभा सम्मेलन आदिमा सम्मिलित हुन सचिवको परामर्श लिएर प्रतिनिधि वा प्रतिनिधि मण्डल मनोनीत गर्ने ।

(५) संगठनको कुनै सदस्यलाई सम्बन्धित परिषद्द्वारा पछि अनुशासनको कारवाही हुने गरी वा नगरी निलम्बन गर्ने वा सदस्यताबाट हटाउने । तर श्री ५ को सरकारद्वारा मनोनीत सदस्यहरूलाई सदस्यताबाट हटाउनु परेमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ ।

(६) संगठनको सबै तहको कार्य सञ्चालनमा निर्देशन दिने ।

(७) कोषाध्यक्षको परामर्श लिएर आवश्यक परेमा अन्तर्गत संगठनहरूलाई आर्थिक सहायता प्रदान गर्ने ।

(८) केन्द्रीय कार्य समिति वा केन्द्रीय परिषद् वा आवश्यक परेमा अरू समितिहरूको सभाको सभापतित्व गर्ने ।

**१०. कोषाध्यक्ष:–**

(क) कोषाध्यक्षले निम्नलिखित कार्य गर्नेछ:–

(१) केन्द्रीय संगठनको बजेट तर्जुमा गर्ने, आय व्ययको हिसाब राखी दैनिक खर्चको सञ्चालन गर्ने ।

(२) केन्द्रीय कार्य समितिका तर्फबाट केन्द्रीय परिषद्मा बजेट र आय व्ययको हिसाब पेश गर्ने ।

(३) अन्तर्गत संगठनलाई बजेट तथा आय व्ययको हिसावका सम्बन्धमा परामर्श दिने ।

**११. सचिव :–**

(क) सचिवले निम्न लिखित कार्य गर्नेछः–

(१) केन्द्रीय संगठनको दैनिक कार्य सञ्चालनमा सभापतिलाई मद्दत गर्ने ।

(२) केन्द्रीय संगठनको कार्यालयको सञ्चालन गर्ने ।

(३) सभापतिको निर्देशानुसार केन्द्रीय परिषद् तथा केन्द्रीय कार्य समितिको लागि कार्य सूची तयार पारी सभा बोलाउने तथा सभाको निर्णय तयार गर्ने ।

**१२. संगठनका प्रारम्भिक जिल्ला:–**

तथा अञ्चल तहका परिषद्, समिति र पदाधिकारीहरूको आफ्नो क्षेत्रभित्र केन्द्रीय परिषद्, कार्य समिति र त्यसका पदाधिकारीहरू सरहको अधिकार र कर्तव्य हुनेछ ।

**१३. चुनाव:–**

संगठनका सबै तहका चुनाव गुप्त मतदान

प्रणाली अनुसार हुनेछ ।

**१४. गणपूरक तथा निर्णयात्मक संख्याः–**

(क) संगठनको परिषद् वा समितिको सभाको गणपूरक संख्या सम्बन्धित परिषद् या समितिको सदस्य संख्याको चतुर्थांश हुनेछ ।

(ख) जुनसुकै सभाको उपस्थितिको बहु संख्याको मत निर्णयात्मक मानिनेछ ।

(ग) विधानमा संशोधन तथा अविश्वासको प्रस्ताव सम्बन्धी निर्णयका लागि जुन-सुकै परिषद्को सदस्य संख्याको दुइ-तिहाई मत अनिवार्य हुनेछ ।

**१५. अविश्वासको प्रस्ताव–**

जुनसुकै परिषद्का एक तिहाई सदस्यहरूले क्षेत्रभित्रका सम्बन्धित सदस्यमाथि लिखित रूपमा अविश्वासको प्रस्ताव सचिव मार्फत् परिषद्मा पेश गर्न सक्नेछन् ।

१६. **हिसाब जांचः–**

संगठनको हिसाब जाँच गर्ने बेला बेलामा श्री ५ को सरकारले अडिटर खटाउन सक्ने छ।

१७. **अस्थायी समितिहरूः–**

विधानमा उल्लेख गरे अनुसार संगठनको केन्द्र अञ्चल तथा जिल्लामा विभिन्न परिषद् तथा समितिहरू गठन नहुञ्जेल संगठनको उद्देश्य प्राप्तिका लागि श्री ५ को सरकारले केन्द्र, अञ्चल तथा जिल्लामा अस्थायी समितिहरू मनोनीत गर्न सक्नेछ। यस किसिमका अस्थायी परिषद् तथा समितिहरूको विधानमा लेखिए बमोजिम स्थायी परिषद् तथा समितिहरू सरहको अधिकार र काम हुनेछ।

१८. **रिक्तस्थानको पूर्तिः–**

कुनै कार्य समितिमा सभापति वा कार्य समितिको सदस्यको कुनै स्थान खाली हुन गएमा चालू अवधिको निमित्त अर्को चुनाव नहुञ्जेल सो रिक्तस्थान पूर्ति गर्ने अधिकार सम्बन्धित कार्य समितिलाई हुनेछ। तर सभा-

पति या श्री ५ को सरकारद्वारा मनोनीत सदस्यको हकमा क्रमशः सम्बन्धित सभापति वा श्री ५ को सरकारले नै मनोनीत गर्नेछ ।

१६. **विधानमा संशोधनः–**

संगठनको अस्थायी केन्द्रीय कार्य समिति खडा भएको मितिले २ वर्षसम्म श्री ५ को सरकारले कार्य समितिलाई सूचित गरेर विधानमा संशोधन गर्न सक्नेछ । २ वर्षको अवधि पूरा भएपछि केन्द्रीय परिषद्को सुझावमा मात्र विधानमा संशोधन हुन सक्नेछ ।

---

श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मंत्रालय
प्रचार तथा प्रसार विभाग

प्रथम पटक २००० प्रति
श्रावण ३१ गते, २०१८ वि. सं.

गोरखापत्र छापाखानामा मुद्रित ।